आर्थिक वर्ष रेइवा 8 सालमा प्राथमिक विद्यालयमा भर्ना हुने योजना भएका व्यक्तिहरूको लागि (विद्यालयमा भर्ना हुनु अघिको प्रक्रिया)

आदरणीय अभिभावक ज्यू,

नागोया सहर शिक्षा परिषद्

# विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग सम्बन्धी जानकारी

## (आर्थिक वर्ष रेइवा 8 सालमा प्राथमिक विद्यालयमा भर्ना हुने योजना भएका व्यक्तिहरूको लागि)

◎ दायरामा पर्ने व्यक्तिको रूपमा प्रमाणीकरण गरिएको खण्डमा, प्राथमिक विद्यालयमा भर्ना हुनु अघि (फेब्रुअरीको अन्त्य तिर) भर्ना तयारी रकम (57,060 येन) भुक्तानी गरिनेछ। विद्यालयमा भर्ना हुनु अघि भुक्तानी चाहने व्यक्तिहरूले यो जानकारी अनुसार आवेदन पत्र आदि विद्यालयमा भर्ना हुनु अघिको स्वास्थ्य परीक्षणको बेला विद्यालयमा पेस गर्नुहोस्।

◎ यस पटक आवेदन नदिने व्यक्तिहरूले पनि, विद्यालयमा भर्ना भएपछि आवेदन दिन सक्नेछन्। (विद्यालयमा भर्ना भएपछि फेरि जानकारी प्रदान गरिनेछ।)

◎ जीवनयापनको लागि सरकारी सहायता खर्च (शिक्षा सहयोग) प्राप्त गरिरहेको व्यक्तिलाई, जीवनयापनको लागि सरकारी सहायता खर्चबाट भर्ना तयारी रकम भुक्तानी गरिनेछ। (विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग खर्चको रूपमा भुक्तानी नगरिने हुनाले ध्यान दिनुहोस्।)

नागोया सहरले आर्थिक कारणले गर्दा आफ्नो बच्चाहरूलाई प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा पठाउन कठिन व्यक्तिहरूको लागि विद्यालय खाना खर्च, अध्ययन सामग्री खर्च जस्ता विद्यालयमा अध्ययन गर्नको लागि आवश्यक खर्च सहयोग गर्ने कार्यक्रम गरिरहेको छ। **सहयोग लिनको लागि आवेदन दिनुपर्नेछ।**

## 1　प्रमाणीकरणको दायरामा पर्ने व्यक्तिहरू (② घरपरिवारका सबै सदस्यहरूको जीवनयापनको लागि सरकारी सहायता रोकिएको वा खारेज गरिएको हुनुपर्छ।)

① **जीवनयापनको लागि सरकारी सहायता ऐन बमोजिम सरकारी सहायता आवश्यक अभिभावकहरू**

② **जीवनयापनको लागि सरकारी सहायता रोकिएका वा खारेज गरिएका व्यक्तिहरू**

(*यसमा परिवारको सदस्यमा परिवर्तन भएको कारण खारेज गरिएको अवस्था (पुनर्विवाह आदि) पर्दैन।)

③ **बालबालिका पालनपोषण भत्ता भुक्तानी प्राप्त गरिरहेका व्यक्तिहरू**

(*यसमा बालबालिका भत्ता, एकल अभिभावक भएको परिवार भत्ता जस्ता अन्य भत्ताहरू पर्दैनन्। )

④ **तलको तालिकामा उल्लेख गरिएका मापदण्ड अनुसार आय कम भएका व्यक्तिहरु**

**चार व्यक्तिको परिवारको हकमा, वार्षिक आय स्तर को**

**लगभग 59लाख येन सम्मका परिवारहरू लाई लक्षित गरीएको छ।**

| परिवार सङ्ख्या | 2 जनाको परिवार | 3 जनाको परिवार | 4 जनाको परिवार | 5 जनाको परिवार | 6 जनाको परिवार | 7 जना वा सोभन्दा बढीको परिवार |
|---|---|---|---|---|---|---|
| **मानक आय रकम** | **32 लाख 18 हजार येन** | **34 लाख 56 हजार येन** | **41 लाख 78 हजार येन** | **48 लाख 5 हजार येन** | **53 लाख 76 हजार येन** | **(परिवारमा 1 जनाको वृद्धिसँगै) 4 लाख 55 हजार येन थप** |

【रेइवा 6 (जनवरी देखि डिसेम्बर) मा घरपरिवारको प्रत्येक सदस्यको कुल आम्दानीबाट 1 लाख येन कटौती गरेपछिको कुल रकम माथिको आय मानक रकमभन्दा कम भएमा】

* निरिक्ष्यक अनुसर प्रयोग गरिने "आय" नगरपालिका कर, जिल्ला कर, र वन वातावरण कर प्रमाणपत्रहरूको "कुल आय रकम" हो। यस्लाइ तपाईको वार्षिक आम्दानी भनिदै।

सन्दर्भ: कर रोक्का पर्ची "रोजगार आय कटौती पछिको रकम"नगरपालिका कर, जिल्ला कर र वन वातावरण कर प्रमाणपत्रहरूको "कुल आय रकम आर्थिक सहयोगमा भनिने "परिवार" मा एकै घरमा बसोबास गरिरहेका सबैजना पर्दछन्। हजुरबुबा हजुरआमा आदिले आफैले जीविका चलाइरहेको (घरखर्च धानिरहेको) वा छुट्टै निवासी दर्ता गरेको भए तापनि, एकै घरमा बसोबास गरिरहेको व्यक्तिहरूलाई एकै परिवार मानिनेछ।एक्लै काममा सरुवा हुने जस्ता कारणले एउटै घरमा नबस्ने तर घरपरिवारको गुजारा चलाउनेहरू पनि एउटै घरमा पर्छन्।

| |
|---|
| बढ्दो मूल्यको प्रभावलाई ध्यानमा राख्दै, हामीले हालको लागि आय थ्रेसहोल्ड बढाउँदैछौं। |

## 2　प्रमाणीकरण अवधि

प्रमाणीकरण अवधि रेइवा 8 साल फेब्रुअरीदेखि अगस्तसम्म रहेको छ। यद्यपि आवेदनको मितिमा नागोया सहरमा बसोबास भए तापनि जनवरीको अन्त्यसम्ममा नागोया सहर बाहिर बसाइ सर्ने व्यक्तिहरू दायरा बाहिर पर्नेछन्। साथै फेब्रुअरीदेखि नागोया सहर बाहिर बसाइ सर्ने जस्ता नागोया सहरद्वारा सञ्चालित प्राथमिक विद्यालयमा भर्ना नहुने खण्डमा प्रमाणीकरण अवधि मार्चसम्म हुनेछ।

## 3　ध्यान दिनुपर्ने कुराहरू तथा अन्य

① भर्ना तयारी रकमको भुक्तानी प्राप्त गरेपछि नागोया सहर बाहिर बसाइ सर्ने जस्ता अवस्थाहरूमा, नागोया सहरबाट भुक्तानी गरेको बेहोरा बसाइ सरेको ठाउँको नगरपालिका आदिलाई सूचित गराइनेछ। (दोहोरो भुक्तानी लिन सकिनेछैन।)

② विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगसँग सम्बन्धित जानकारी, व्यक्तिगत जानकारी हुनाले, अरूले थाहा नपाउने गरी ध्यान दिइनेछ।

③ आवेदन विवरण संशोधन वा गल्ती पत्ता लागी, प्रमाणीकरण आवश्यकता पूरा नहुने भएको खण्डमा प्रमाणीकरणलाई रद्द गरिने अवस्थाहरू पनि हुन सक्छन्। आवेदन विवरणमा शंका भएको खण्डमा सोधपुछ गरी विवरण निश्चय गरिने वा पदाधिकारद्वारा पारिवारिक स्थिति र आय आदि निश्चय गरिने अवस्थाहरू पनि हुन सक्छन्।

④ विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगको प्रमाणित अवधिमा पारिवारिक स्थिति परिवर्तन हुने खण्डमा (अभिभावक परिवर्तन, पुनर्विवाह, बसाइ सराइ, हजुरबुबा हजुरआमासँग बसोबास, परिवारको सदस्य वृद्धि आदि), अनिवार्य रूपमा तुरुन्तै विद्यालयलाई सम्पर्क गर्नुहोस्। पुनर्विवाह आदिको कारण परिवारमा नयाँ सदस्य थपिएको खण्डमा, एक चोटि विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगको भुक्तानी रोकिनेछ। निरन्तर विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग चाहने खण्डमा, नयाँ परिवार संरचनाद्वारा पुनः आवेदन दिनुपर्नेछ। यद्यपि सम्बन्ध विच्छेद आदिको कारण परिवारको सदस्य घटेको खण्डमा भने निरन्तर विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगको भुक्तानी गरिनेछ।

⑤ रेइवा 8 साल अप्रिल～अगस्तको प्रमाणीकरण तथा भुक्तानीको सन्दर्भमा, आर्थिक वर्ष रेइवा 8 सालको बजेट पारित भएको खण्डमा मात्र भुक्तानी गरिनेछ। स्थिति अनुसार यो जानकारी अनुरूप प्रमाणीकरण र भुक्तानी नगरिने अवस्थाहरू पनि हुने कुरालाई ध्यानमा राख्नुहोस्।

⑥ भुकम्प वा ठूलो वर्षा आदिको पीडित भएको कारण आवेदन दिने अवस्थाको प्रक्रियाको लागि विद्यालयमा परामर्श लिनुहोस्।

⑦ यस पटक, तपाईंले आवेधनपत्रको "सहमत" खण्डमा "A हो, म सहमत छु।" मा गोलो चिन्ह लगाएर, परिवारको प्रतिनिधि (घरमुली) ले हस्ताक्षर गर्नुभयो भने, अर्को शैक्षिक वर्षदेखि निरन्तर सहयोग पाउने / नपाउने स्वचालित पुनः मूल्यांकनको समयमा पनि, शिक्षा समितिले तपाईंको जानकारी हेर्न सक्नेछ।

## 4　सन्दर्भ (प्राथमिक विद्यालयको 1 ग्रेडमा अध्ययन गर्ने विद्यार्थीको भुक्तानी विवरण तथा भुक्तानी अवधि)

*यो हाल रेइवा 7 साल सेप्टेम्बरको योजना हो।

प्रमाणीकरण गरिएको खण्डमा, भुक्तानी विवरण निश्चयको सन्दर्भ हुने हुनाले सुरक्षित गरी राख्नुहोस्।

| विषय | रकम | भुक्तानी मिति |
|---|---|---|
| भर्ना तयारी रकम | 57,060 येन | रेइवा 8 साल फेब्रुअरी 25 तारिख तिर<br>*रेइवा 8 साल फेब्रुअरी 2 तारिखसम्ममा प्रक्रिया पूरा गरेको व्यक्तिहरू मात्र। विद्यालयमा भर्ना भएपछि आवेदन दिएको खण्डमा जुन 2 तारिख तिर भुक्तानी गरिनेछ। |
| अध्ययन सामग्री खर्च आदि | पहिलो सेमेस्टरको रकम: 5,670 येन<br>दोस्रो सेमेस्टरको रकम: 4,320 येन<br>तेस्रो सेमेस्टरको रकम: 3,240 येन | पहिलो सेमेस्टरको रकम: रेइवा 8 साल जुन 1 तारिख तिर<br>दोस्रो सेमेस्टरको रकम: रेइवा 8 साल अक्टोबर 26 तारिख तिर<br>तेस्रो सेमेस्टरको रकम: रेइवा 9 साल जनवरी 25 तारिख तिर |
| अनलाइन अध्ययनको लागि सञ्चार खर्च | पहिलो सेमेस्टरको रकम: 6,250 येन<br>दोस्रो सेमेस्टरको रकम: 5,000 येन<br>तेस्रो सेमेस्टरको रकम: 3,750 येन | बच्चा अध्ययनरत विद्यालयमा ट्याब्लेट टर्मिनल आदि उपयोग गरी रिमोट लेसन सुरु भए पछि। |
| विद्यालय खाना खर्च | लागत रकम | विद्यालय प्रमुखद्वारा विद्यालयमा खाना उपलब्ध गराउने संस्थालाई भुक्तानी गरिनेछ। (अभिभावकलाई भुक्तानी गरिनेछैन।) |
| विद्यालय आवतजावत गर्ने यातायात खर्च | लागत रकम | विशेष परिस्थितिमा भएका बालबालिकाहरूले पर्याप्त शिक्षा हासिल गर्न सक्ने गरी ध्यान पुर्‍याई, 4km वा सोभन्दा बढीको दूरीमा भएको प्राथमिक विद्यालय वा 6km वा सोभन्दा बढीको दूरी भएको निम्न माध्यमिक विद्यालयमा सार्वजनिक यातायात प्रयोग गरेर आवतजावत गर्ने प्राथमिक तथा नि. मा. वि. का विद्यार्थीहरूलाई लागत खर्च भुक्तानी गरिनेछ। (विशेष सहयोग कक्षामा अध्ययन गर्न गइरहेको भएमा दूरीले फरक पार्दैन।) भुक्तानी महिना जुलाई, अक्टोबर र जनवरी |
| विद्यालय रोग (गाक्को ब्यो) को चिकित्सा खर्च | लागत रकम | विद्यालयको निर्देशन अनुसार उपचार गरिएको विद्यालय रोग (गाक्को ब्यो)* को उपचार खर्च विद्यालय प्रमुखद्वारा स्वास्थ्य संस्थालाई भुक्तानी गरिनेछ (अभिभावकलाई भुक्तानी गरिनेछैन।) *ट्रकोमा, आँखा पाक्ने रोग, भित्रि कान दुख्ने समस्या, दीर्घकालीन पिनास, कीराले खाएको दाँत, एडिन्वाइड, परजीवी रोग, निर्दिष्ट छालाको रोग |
| विद्यालय जीवन व्यवस्थापन मार्गदर्शन तालिकापत्र खर्च | लागत रकम<br>(अधिकतम 3,000 येन) | खानेकुराको एलर्जी र मुटु तथा मृगौलासँग सम्बन्धित रोगहरूबारे चिकित्सकद्वारा तयार गरिने विद्यालय जीवन व्यवस्थापनको मार्गदर्शन तालिकापत्रको कागजात शुल्क भुक्तानी गरिनेछ। स्वास्थ्य संस्थाको रसिद आवश्यक पर्नेछ।<br>अप्रिल र मे महिनाको रकम जुन 25 तारिख तिर र अन्य महिनाहरूको सम्बन्धित महिना पछिको महिनाको 25 तारिख तिर भुक्तानी गरिनेछ। |

*अध्ययन सामग्री खर्च आदि र अनलाइन अध्ययनको लागि सञ्चार खर्च, शैक्षिक सत्रको बीचमा प्रमाणीकरण गरिएको खण्डमा, रकमको केही अंश भुक्तानी गरिनेछ।

*अनलाइन अध्ययनको लागि सञ्चार खर्चको सन्दर्भमा, बच्चा अध्ययनरत विद्यालयमा ट्याब्लेट टर्मिनल उपयोग गरी रिमोट लेसन नगरिएको खण्डमा भुक्तानी गरिनेछैन।

*जीवनयापनको लागि सरकारी सहायता प्राप्त गरिरहेको परिवारलाई शैक्षिक भ्रमण खर्च र विद्यालय रोग (गाक्को ब्यो) को चिकित्सा खर्च मात्र भुक्तानी गरिनेछ। अन्य चाहिँ जीवनयापनको लागि सरकारी सहायता खर्चद्वारा भुक्तानी गरिनेछ।

*विद्यालय रोग (गाक्को ब्यो) को उपचार गर्दा, अग्रिम रूपमा, अनिवार्य "उपचारको विस्तृत विवरणपत्र" आदि विद्यालयबाट लिई, स्वास्थ्य संस्थामा लिएर जानुहोस्। यद्यपि बाल चिकित्सा कार्ड वा एकल अभिभावक भएको परिवारको चिकित्सा कार्ड भएको खण्डमा, ती कार्डहरूलाई प्राथमिकता दिइनेछ।

*अभिभावकद्वारा अकाउन्ट-टु-अकाउन्ट ट्रान्सफरको लागि आवेदन दिइएको खण्डमा, सामान्यतया सीधै अभिभावकको खातामा ट्रान्सफर गरिनेछ। "エンジョナゴヤシ" ("एन्ज्यो नागोयासी") नामको खाताबाट बैंक ट्रान्सफर गरिन्छ। तर विद्यालयद्वारा सङ्कलन गरिने रकमहरू मध्ये विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगको दायरामा पर्ने रकम भुक्तानी नगरिएको अवस्थामा, विद्यालयलाई भुक्तानी गरिने अवस्थाहरू पनि हुन सक्छन्।

## 5　पेस गर्नुपर्ने कागजातहरू

・विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग निरन्तरताको अवेदनपत्र
**सेडिङ गरिएको (गाढा रङ्ग भएको) ठाउँमा अनिवार्य रूपमा भर्नुहोस्।**
**पारिवारिक स्थिति ठाउँमा एकै परिवारको सबै सदस्यहरू लेख्नुहोस्।**
**आवेदनपत्रको "सहमत" हुने ठाउँमा घरमूली आफैले आफ्नो नाम लेखेर सहमत भएको खण्डमा प्रमाणपत्रहरू आवश्यक पर्नेछैन।**
*दायरामा पर्ने बच्चाहरू 2 जना वा सोभन्दा बढी भएका व्यक्तिहरूले प्रत्येक बच्चाको लागि आवेदन दिनुहोस्।
*दाजुभाइ वा दिदीबहिनीले पहिलेदेखि नै विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग प्राप्त गरिरहेको अवस्थामा पनि आवेदन दिनु पर्नेछ।

・**विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग खर्च अकाउन्ट-टु-अकाउन्ट ट्रान्सफर आवेदन पत्र** (जीवनयापनको लागि सरकारी सहायता ऐन बमोजिम सरकारी सहायता आवश्यक अभिभावकहरूले पेस गर्नु पर्दैन।)

・**प्रमाणपत्रहरू** (अवेदनपत्रको "सहमत हुने ठाउँ" मा घरमूली आफैले नाम नलेखी, सहमत नहुने अवस्था आदिमा आवश्यक)
*आवेदन पत्रको "सहमत" हुने ठाउँमा घरमूली आफैले नाम लेखी, सहमत भएको खण्डमा, प्रमाणपत्रहरू आवश्यक पर्दैन। तर रेइवा 7 साल जनवरी 2 तारिख पछि अन्य ठाउँबाट नागोया सहरमा बसाइ सरेको खण्डमा वा आय उद्घोष नगरेको भएमा, बच्चा र तपाईं फरक ठेगाना (ठाउँ) मा बसोबास गरिरहेको खण्डमा, जानकारी प्राप्त गर्न नसकिने हुनाले प्रमाणपत्रहरू पेस गर्नु पर्दछ।

| प्रमाणीकरण वर्गीकरण | प्रमाणपत्रहरू ("सहमत हुने ठाउँ" मा घरमूली आफैले नाम नलेखी सहमत नहुने खण्डमा आदि) | प्रमाणपत्र आदि जारी स्थान |
|---|---|---|
| ① | जीवनयापनको लागि सरकारी सहायता प्राप्तिको प्रमाणपत्र | वडा कार्यालय नागरिक कल्याण बालबालिका शाखा शाखा कार्यालय वडाबासी कल्याण शाखा (समाज कल्याण कार्यालय) |
| ② | सरकारी सहायता निर्णयको सूचना (【रेइवा 5 साल अप्रिल 2 तारिख पछि】 रोकिएको वा खारेज) | |
| ③ | बालबालिका पालनपोषण भत्ता प्रमाणपत्र (प्राप्त अवधि 【रेइवा 5 साल नोभेम्बर पछि】 को प्रमाणपत्र) को प्रतिलिपि<br>*समाज कल्याण कार्यालय प्रमुखको इन्कान (स्ट्याम्प) लगाइएको पृष्ठको प्रतिलिपि आवश्यक पर्नेछ।<br>*यसमा बालबालिका भत्ता, एकल अभिभावक भएको परिवार भत्ता जस्ता अन्य भत्ताहरू पर्दैनन्।<br>*आमाबुबा मध्ये एक जनालाई गम्भीर अपाङ्गता भएको कारण बालबालिका पालनपोषण भत्ता प्राप्त गरिरहेको खण्डमा, गम्भीर अपाङ्गता भएको कुरा थाहा हुने (अपाङ्गता परिचयपत्रको प्रतिलिपि आदि) संलग्न गर्नुहोस्। | |
| ④ | परिवारको सबै सदस्यहरूको नगरपालिका कर, जिल्ला　कर, र वन वातावरण कर प्रमाणपत्रहरूको (प्रतिलिपि भएपनि हुन्छ)<br>*आर्थिक वर्ष रेइवा 7 साल (रेइवा 6 सालको आय) को प्रमाणपत्र आवश्यक पर्नेछ।<br>*आय कर ऐन अन्तर्गत आश्रितमा पर्ने व्यक्ति र उच्च माध्यमिक विद्यालय वा सोभन्दा मुनिको विद्यार्थीको लागि आवश्यक पर्दैन। | नगरपालिका कर कार्यालय तथा उपशाखा कार्यालय र वडा कार्यालय तथा शाखा कार्यालयको कर काउन्टर |

## 6　पेस गर्ने तरिका र पेस गर्नुपर्ने म्याद

विद्यालयमा भर्ना हुनु अघिको स्वास्थ्य परीक्षणको बेला सम्बन्धित विद्यालयमा आवेदन पत्र पेस गर्नुहोस्।

विद्यालयमा भर्ना हुनु अघिको स्वास्थ्य परीक्षण पेस गर्न नसक्ने अवस्थामा पनि, विद्यालयमा सधैं आवेदन लिइने हुनाले भर्ना हुने योजना भएको प्राथमिक विद्यालयमा लिएर जानुहोस्। यद्यपि विद्यालयमा भर्ना हुनु अघि भर्ना तयारी रकमको भुक्तानी प्राप्त गर्न सक्ने व्यक्ति भनेको रेइवा 8 साल फेब्रुअरी 2 तारिख (सोमवार) सम्ममा आवेदन प्रक्रिया पूरा गरेका व्यक्तिहरू मात्र हो। (म्यादसम्ममा प्रक्रिया पूरा नगरेको खण्डमा, विद्यालयमा भर्ना भएपछि वितरण गरिने जानकारी अनुसार आवेदन दिनुहुन अनुरोध गर्दछौं।)

## 7　छानबिन नतिजा सम्बन्धी जानकारी

आवेदनको आधारमा शिक्षा परिषदद्वारा विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोग प्राप्ति योग्यता छानबिन गरिनेछ।
सामान्यतया भर्ना हुने योजना भएको प्राथमिक विद्यालयद्वारा निवासी दर्ता भएको ठेगानामा हुलाक मार्फत (सामान्य हुलाक) छानबिन नतिजा पठाइनेछ।
छानबिन नतिजा, आवेदन पत्रहरूमा त्रुटि भएको अवस्थामा पनि भर्ना हुने योजना भएको प्राथमिक विद्यालयद्वारा हुलाक मार्फत (सामान्य हुलाक) जानकारी गराइनेछ। निर्देशनको पालना गरी प्रक्रिया गर्नुहोस्।

【विद्यालयमा अध्ययनको लागि आर्थिक सहयोगबारे सोधपुछ गर्ने सम्पर्क स्थान】
नागोया सहर शिक्षा परिषद्, शैक्षिक मामिला शाखा (TEL 052-972-3217, FAX 052-972-4175)
अथवा भर्ना हुने योजना भएको विद्यालय